महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

## प्रेस विज्ञप्ति

मिति : २०७४।०६।२९

ओरेकको २७ औ वार्षिक साधारण सभामा आज संस्थाकै केन्द्रिय कार्यालयमा सम्पन्न भएको छ। सभाबाट अध्यक्षमा **डा. पुनम रिसाललाई** मनोनित हुनुभएको छ । उहाँ यसअघिको कार्यकालमा उपध्यक्षको जिम्मेवारी सम्हाल्दै आउनुभएको थियो । यस्तै संस्थाको उपाध्यक्षमा डा लक्ष्मी तामाङ, सचिवमा जया लुइटेल र कोषाध्यक्षमा पार्वती बस्नेतले जिम्मेवारी पाउनुभएको छ भने रिक्त रहेको सदस्य पदमा संस्थाको साधारण सदस्यबाट दुर्गा कार्कीलाई मनोनित गरि सभाले कार्य समितिलाई पूर्णता दिईएको छ । सो समितिको कार्यकाल एक वर्षको हुनेछ ।

यसैगरी २७ औ साधारण सभाले वार्षिक प्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदनलाई समेत पास गरेको छ । विभिन्न विभेदकारी कानुनहरु परिवर्तन भएको वर्तमान अवस्थामा पनि महिलाको सामाजिक, राजनैतिक र आर्थिक तहमा असमान अवस्था आजको यथार्थ हो । यही अवस्था परिवर्तन गर्न ओरेकको २७ औ साधारण सभाले आगामी दिनमा संस्थाको कार्य रणनीति राज्यको प्रादेशिक संरचना अनुसार हुनुपर्ने सुझाव आएको छ भने अधिकारमुखी पहूँचमा काम गरी अरु संस्थालाई पनि सँग सँगै लगी संस्थाले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने भन्ने सुझाव संस्थाका विशेष सल्लाहकारबाट आएको छ ।

महिलाको राजनैतिक सहभागिता, उनको स्वास्थ्य र शारीरिक स्वामित्वसँगै समाजमा समान दखल, सामाजिक न्यायको पूर्वसर्त हुन भन्ने मान्यता सहित ओरेकले महिला अभियानको रुपमा २७ वर्ष देखी नेपालमा देशब्यापी काम गर्दै आएको छ ।

अभिराम राय
कार्यक्रम निर्देशक
ओरेक

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu , Nepal Tel: (977)-01-2123124; (977)-01-5006373; (977)-01-5006374 Fax: (977)-01-5006271 Email : ics@worecnepal.org URL : www.worecnepal.org